GRAPE 2
Green Resilient Agricultural-Centred Private Sector Economic Development

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT

Co-funded by the European Union

Implemented by giz

# एसएमई लुप

# आवेदन आह्वान



# सूचना सामग्री

पृष्ठसूची

GRAPE 2 परियोजनाको बारेमा --------------------------- ३

एसएमइ लुप व्यवसायिक विकास कार्यक्रम --------------------------- ४

कृषि व्यवसाय एसएमईबाट आवेदनहरूको आह्वान --------------------------- ५

बारम्बार सोधिने प्रश्नहरू (FAQs) --------------------------- ९

## GRAPE 2 परियोजनाको बारेमा

GRAPE 2 परियोजनाले नेपालमा उद्यमशीलताको सुदृढीकरण, जलवायु उत्थानशीलता विकास तथा महिला तथा युवाका लागि नयाँ आर्थिक अवसरहरू सिर्जना गर्न परियोजनाले नेपाली तथा अन्तर्राष्ट्रिय साझेदारसँग सहकार्य गर्छ । परियोजनाले उत्पादक समूह, उद्यमी, सहकारी, व्यापारी, संघ, नीति निर्माता तथा अन्य सरोकारवालालाई जोड्ने काम गर्छ । GRAPE 2 परियोजना युरोपेली युनियन (EU) र जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (BMZ) को संयुक्त वित्तिय सहयोगमा तथा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मार्गनिर्देशनमा कार्यान्वयन भइरहेको छ ।

## एसएमई लुपका बारेमा

GRAPE 2 को उद्देश्य विशेषगरि महिला तथा युवाहरूको नेतृत्वमा सञ्चालित साना तथा मझौला उद्यम (एमएसएमई) हरूको लागि व्यवसाय विकास सेवाहरूको गुणस्तर सुधार गर्नु हो । यसका लागि परियोजनाले जिआइजेडको मानक SME बिजनेस ट्रेनिंग तथा कोचिंग लूप (SME Loop) प्रयोग गर्दछ, जुन पूर्वी र पश्चिम अफ्रिकाका लगभग ३० देशहरूमा सफलतापूर्वक परिक्षण तथा कार्यन्यवन गरिएको छ। एसएमई लुपले सैद्धान्तिक व्यवसाय व्यवस्थापन प्रशिक्षण मात्र प्रदान गर्दैन, एमएसएमईहरूलाई व्यापार रणनीति र सुधार योजनाहरू विकास गर्न मद्दत गर्न गहन कोचिंग पनि प्रदान गर्दछ, र वित्तीय र अन्य व्यवसाय विकास सेवा प्रदायकहरूसँग सम्बन्ध निर्माणमा पनि सहजीकरणा गर्न सहयोग गर्दछ। जिआइजेडको GRAPE2 परियोजनाको लागि जिएफए कन्सल्टिङ ग्रुपले नेपालमा एसएमई लुप कार्यक्रम कार्यान्वयन गरिरहेको छ ।

# एसएमई लुप
# व्यवसायिक विकास कार्यक्रम

एसएमई लुप एक चरणवद्ध व्यवसाय विकास यात्रा हो, जसले निम्न कुराहरुलाई समेट्छः

- व्यवहारिक तालिम
  - खाली कक्षा कोठामा आधारित सैध्दान्तिक कुराको सिकाई मात्र नभएर व्यवसायमा देखेभोगेका समस्यामाथि केन्द्रित रहेर सामुहिक छलफलको आधारमा हुने तालिम ।
- प्रत्येक व्यक्तिलाई कोचिङको व्यवस्था (व्यक्तिगत मार्गदर्शन)
  - हरेक उद्यमीले तालिमका सिकाइलाई आफ्नो व्यवसायको अवस्था अनुसार कोचको सहजीकरणमा व्यवहारिक रूपमा प्रयोग गर्नलाई सहयोग ।
- व्यवसायिक योजना निर्माणमा सहयोग
  - उद्यमीसँगको छलफलबाट नै व्यवसायको विश्लेषण गरी व्यवसायिक योजना निर्माणमा सहयोग ।
- बजार तथा वीत्तिय पहुँचमा सहजीकरण
  - आफ्नो उद्यमसँग सम्बन्धित अन्य उद्यमी तथा वीत्तिय संस्थाहरूसँग सम्बन्ध विकासमा सहजीकरण
- जलवायु उत्थानशिलता
  - उद्यमहरूलाई जलवायु-उत्थानशिल मूल्य श्रृंखलाहरू निर्माण गर्न, हरित व्यापार अभ्यासहरू अपनाउन र व्यवसायिक क्रियाकलापमा जलवायु कार्यलाई एकीकृत गर्न सहयोग पुर् याउनु ।
- महिला आर्थिक सशक्तिकरण
  - महिला नेतृत्वलाई प्रवर्द्धन गर्ने र अवसरहरूमा अधिक समतामूलक पहुँच सिर्जना गर्ने ।

👉 एसएमई लूपको एक चक्रको अवधिमा केवल सिक्ने मात्र हैन, तपाईँले यसलाई आफ्नो उद्यममा लागू गर्न सक्नु हुनेछ ।

## कृषि व्यवसाय, साना तथा मझौला उद्यमहरू (एसएमई) बाट आवेदनका लागि आह्वान

के तपाईं आफ्नो व्यवसाय बृध्दि गर्न चाहनुहुन्छ? के तपाईं आफ्नो व्यवसायलाई उत्थानशील बनाउन चाहनुहुन्छ? के तपाईं महिला र युवा उद्यमीको व्यवसायसँग जोडिन चाहनुहुन्छ?

यदि चाहनुहुन्छ भने, एसएमई लूपका लागि आवेदन दिनहोस् ।

एसएमई लूप व्यवसाय विकास कार्यक्रमले छनौट भएका एसएमईहरूलाई निम्न कुराहरूमा सहयोग गर्दछ:

क. व्यवसायको निर्णय निर्माणमा र व्यवस्थापन अभ्यासहरू सुधार गर्न लाई
ख. राजस्व र नाफा बढाउनलाई
ग. जलवायु र बजार जोखिम व्यवस्थापन गर्न सक्ने लचिलोपनलाई बलियो बनाउनलाई
घ. बजार पहुँच र प्रतिस्पर्धात्मक क्षमतामा सुधार गर्नलाई
ङ. समावेशी नेतृत्व र समतामूलक आर्थिक सहभागिताको विकास गर्नलाई

| | |
|---|---|
| १. **कसले आवेदन दिन सक्छ?** | निम्न प्रकृतिका उद्यमबाट आवेदन दिन सकिनेछः<br><br>क. कृषि तथा मूल्य ऋखंला मा संलग्न वृद्धि उन्मुख साना तथा मझौला उद्यम (प्रशोधन, व्यापार, सेवा, र व्यावसायिक खेती)<br>• महिला वा युवाद्वारा नेतृत्व वा व्यवस्थापन गरिएका उद्यम;<br>• सुधार तथा विस्तारको सम्भावना भएका<br>• कोशी, सुदूरपश्चिम, कर्णाली, बागमती र लुम्बिनी प्रदेशहरूमा सञ्चालित<br><br>ख. व्यवसाय विस्तार तथा वृद्धि साथै यस कार्यक्रममा पूर्ण सहभागीताका लागि प्रतिबद्ध |
| २. **यो कार्यक्रम कस्ता व्यवसायका लागि अनुपयुक्त हुनसक्छ ?** | क. सञ्चालनमा नरहेका उद्यमहरू<br>ख. यस कार्यक्रममा पूर्ण सहभागीताका लागि प्रतिबद्धता जनाउन असमर्थ उद्यमहरू<br>ग. जिविकोपार्जनका लागि मात्रै अथवा व्यावसायिकस्तरमा खेती-उत्पादन नगरेका कृषकहरू |

| | |
|---|---|
| ३. **छनोट गरिएका एसएमईले के प्राप्त गर्न सक्छ ?** | क. बिक्रि र व्यवसाय वृद्धिको अवसरहरू<br>ख. कम व्यापार जोखिम तथा थप उत्थानशिलता<br>ग. अझ राम्रो व्यवसायिक निर्णय लिने तथा टीममा सहकार्य गर्ने क्षमता<br>घ. व्यवसाय संशाधन र बजार अवसरहरूको थप प्रभावकारी प्रयोग |
| ४. **किन यसमा सहभागी हुने ?** | क. कक्षा प्रशिक्षणमात्र नभएर व्यावहारिक व्यवसाय सञ्चालनमा सहयोग हुने<br>ख. सैद्धान्तिक भन्दा पनि एसएमईको व्यवसाय सुधारमा कोचिंग केन्द्रित हुने<br>ग. व्यवसायिक कार्यसंजाल तथा पारिस्थितिकीय प्रणालीका सम्बन्धहरू सुदृढ गर्ने अवसर प्राप्त हुने<br>घ. जलवायु-उत्थानशील तथा समावेशी व्यावसायिक अभ्यासका बारेमा साक्षात्कार हुने<br>ङ. भविष्यको बजार र वित्त अवसरहरूको लागि तयारी । |
| ५. **एसएमई लुपको चक्रमा के-कस्ता विषय समेटिएका छन्?** | क. **व्यवसाय कार्यसम्पादन तथा वृद्धि विश्लेषण**: व्यवसायका अवसर, संचालन चुनौती, र व्यवसाय वृध्दिका प्राथमिकताहरूको पहिचान<br>ख. **बजार पहुँच, नेतृत्व, र समावेशी व्यवसाय अभ्यास**: बजार अवस्थिति, समूहगत कार्य (टीमवर्क), नेतृत्वदायी सहभागिता, र समावेशी व्यवसाय अभ्यासहरू<br>ग. **जलवायु-उत्थानशील तथा दिगो व्यावसायिक अभ्यास**: व्यवसाय जोखिम कम गर्ने, स्रोतको सही परिचालन गर्ने दक्षतामा सुधार ल्याउने, र जलवायु तथा बजार सम्बन्धि जोखिमहरू बहन गर्न सक्ने क्षमता अभिबृद्धि गर्ने तरिका<br>घ. **व्यवसाय विकास र वीत्तिय तयारी**: व्यावहारिक व्यवसाय सुधार योजना विकास साथै बजार र वीत्तिय अवसरका लागि तयारी<br>ङ. **व्यक्तिगत कोचिंग र व्यवसाय मार्गदर्शन**: नियमित कोचिंगको माध्यमबाट सिकाइलाई तपाईंको व्यवसायमा सिधै प्रयोग गर्न सहयोग<br>च. **व्यावसायिक योजना प्रस्तुतीकरणका साथै सञ्जालीकरण (नेटवर्किङ्ग)**: तपाईंको व्यवसायका योजना तथा सोचहरू प्रस्तुत गर्ने मञ्चका साथै पारिस्थितिकिय प्रणालीका पात्र र तपाईंका व्यवसायकै प्रकृतिका व्यवसायहरूसँगको कार्यसंजाल निर्माण। |

| | |
|---|---|
| ६. **पाठ्यक्रम संरचना** | क. तीन व्यावहारिक प्रशिक्षण कार्यशालाहरू (प्रत्येक कार्यशाला तीन दिनको हुने)<br>ख. सहभागी प्रत्येक व्यवसायीका लागि छ देखि नौ महिना अवधिको नियमित व्यक्तिगत (one-to-one) कोचिंग सत्रहरू<br>ग. व्यवसाय सुधार योजना तयार<br>घ. बजार तथा वित्तीय तयारी<br>ङ. व्यावसायिक योजना (उपाय तथा सोच, लगानी, लगानीको आवश्यक्ता) को प्रस्तुतीकरणका साथै सञ्जालीकरण (नेटवर्किङ्ग) |
| ७. **कार्यक्रम विवरण** | कार्यक्रम दुइवटा चरण (cohort) मा हुनेछ* :<br>- पहिलो चरणको अवधि छ देखि नौ महिना<br>- दोस्रो चरणको अवधि छ महिना<br><br>पहिलो चरणः<br>📍 स्थानः कोशी प्रदेश, दुहबी नगरपालिका (कोशी प्रदेश), बागमती प्रदेश (काठमाडौँ उपत्यका), सुदूरपश्चिम प्रदेश<br>📅 अवधिः ६–९ महिना<br>📘 ढाँचाः तालिम, कोचिङ<br>व्यावसायिक योजना प्रस्तुतीकरण (पिचिङ)<br>💰 शुल्कः निःशुल्क<br><br>दोस्रो चरणः<br>📍 स्थानः दुहबी नगरपालिका (कोशी प्रदेश), बागमती प्रदेश (काठमाडौँ उपत्यका र चितवन), लुम्बिनी प्रदेश (नवलपरासी पश्चिम, रूपन्देही र कपिलवस्तु) र कर्णाली प्रदेश,<br>📅 अवधिः ६ महिना<br>📘 ढाँचाः तालिम, कोचिङ<br>व्यावसायिक योजना प्रस्तुतीकरण (पिचिङ)<br>💰 शुल्कः निःशुल्क<br><br>* पहिलो चरणमा सहभागी हुने एसएमई दोस्रो चरणको कार्यक्रममा सहभागी हुने छैनन् । दोस्रो चरणमा नयाँ एसएमईहरू समावेश गरिनेछ । हाल आवेदन दिँदा नै कुन चरणमा आफूले सहभागीता जनाउने भनेर खुलाउनु पर्नेछ । आवश्यक परेमा दोस्रो चरणको लागि पहिलो चरणको समाप्ति तिर पुनः आवेदनको लागि आह्वान गरिनेछ । |

| | |
|---|---|
| ८. **आवेदन कसरी दिने ?** | तल दिइएको लिंकमा क्लिक गर्नुहोस् अथवा QR कोडमा स्क्यान गर्नुहोस् । यसले तपाईँलाई ई-आवेदनमा लानेछ जहाँ तपाईले आफ्ना व्यवसायसँग सम्बन्धित केही जानकारीहरू प्रदान गर्नु पर्नेछ ।<br>https://ee-eu.kobotoolbox.org/x/dSQEj0RA |
| ९. **कार्यक्रम साझेदार** | स्थानीय सरकार<br>दुहबी नगरपालिका सुनसरी। |

## बारम्बार सोधिने प्रश्नहरू (FAQs)

### यो कार्यक्रम कति लामो हुन्छ ? प्रत्येक सहभागी साना तथा मझौला उद्यम (एसएमई) ले कति समय प्रदान गर्नु पर्छ?

कार्यक्रमको अवधि छ देखि नौ महिनाको हुनेछ । उनीहरूले कक्षा सत्रहरू, व्यक्तिगत कोचिंग र तत्पश्चात हुने समापन कार्यक्रममा (जहाँ सहभागी उद्यमहरूले आफ्ना व्यावसायिक सुधार योजना उद्यम पारिस्थितिय प्रणालीका पात्रहरूको अगाडी प्रस्तुत (पिचिंग) गर्नुपर्ने हुन्छ) सामेल हुनुपर्दछ। अपेक्षित एसएमई सहभागिता प्रतिबद्धता: छ देखि नौ महिनभित्रमा लगभग १२ देखि १५ दिन ।

### कसले भाग लिन सक्छ?

- कृषि उद्यम मा संलग्न साना र मझौला उद्यमहरू जसले प्रशोधन, व्यापार, एग्रो डिलर, यातायात सेवा, अन्य सेवा र व्यवसायिक उत्पादन गरिरहहेको हुन्छ ।
- संचालनमा रहेका एसएमईहरू जसले व्यापार गतिविधि (बिक्री, ग्राहकहरूसँगको कारोवार) गरिरहेको प्रमाण देखाउन सक्छ अथवा जसको बजार संलग्नता चलिरहेको छ ।
- प्रशिक्षण, कोचिंग तथा व्यवसाय विकास सहयोगमा समय लगानी गर्ने इच्छा तथा प्रतिबद्धता जाहेर गर्ने एसएमई ।
- महिला उद्यमी महासंघ नेपाल तथा नेपाल बचत तथा ऋणा सहकारी संघका सदस्यहरू ।

### म एक किसान हुँ जुन बाली उत्पादनमा संलग्न छु र उपभोग पछि बाँकी रहेका बालीहरू स्थानीय बजारमा बेच्दछु । के म यस कार्यक्रमको लागि आवेदन दिन योग्य छु ?

यो कार्यक्रम निर्वाहमुखी तहमा हुने कृषि उत्पादनका लागि होइन, बरू मूल्य अभिवृद्धि गर्ने तत्व भएका कृषि उद्यम तथा र व्यावसायिक रूपमा कृषि उत्पादन गर्ने उद्यमका लागि हो ।

जस्तैः म एक तरकारी उत्पादक किसान हुँ । मैले मेरो बारीमा उत्पादन गरेको तरकारी घरमा उपभोग गर्छु र बाँकी रहेको तरकारी यहाँको स्थानीय बजारमा बेच्छु भने म यो कार्यक्रमको लागि आवेदन दिन योग्य छुईन किनभने मैले तरकारी उत्पादन व्यवसायिक रूपमा भन्दा पनि निर्वाहमुखी तहमा गरिरहेको छु ।

### यदि हामी छनौट भयौं भने हामीले तालिम र कोचिंगको शुल्क तिर्नु पर्छ ?

यदि तपाई छनौट हुनुभयो भने तपाईंले प्रशिक्षण र कोचिंग सत्रहरूमा सामेल हुनको लागि शुल्क तिर्नु पर्दैन; छनोट भएका सहभागीहरूको प्रशिक्षण, कोचिंग, तथा प्रशिक्षणको दौरानमा सहभागीहरूको भोजन, यातायात र आवास खर्च (यदी आवास आवश्यक भएमा) कार्यक्रमले व्योहोर्नेछ। तर सहभागीहरूले  प्रशिक्षणमा आफ्नो गुणस्तरीय समय लगाउनु पर्नेछ।

## छनौट प्रक्रिया के हो ?

एसएमईहरूको छनौटमा निम्न चरणहरू अनुसरणा गरिनेछ :

- योग्य र इच्छुक एसएमईहरूले कोबोमा ई-आवेदन फारम भर्नु पर्छ। फाराम भर्न अप्ठ्यारो पाइएमा सम्बन्धित आयोजना साझेदारहरु महिला उद्यमी संघ नेपाल, दायीत्व, नेपाल बचत तथा ऋणा सहकारी संघ र दुहबी नगरपालिकाको सहयोग लिन सकिनेछ । ई–आवेदन फारममा यस जानकारी प्याकेजमा उपलब्ध क्यूआर कोडमार्फत जान सकिन्छ अथवा यहाँ क्लिक गरेर पनि जान सकिनेछ ।
- योग्यता जाँच (screening): सबै आवेदनहरू मानकीकृत (standard) चेकलिस्ट प्रयोग गरेर न्यूनतम योग्यताको आधारमा जाँच गरिन्छ।
- प्राविधिक मूल्याङ्कन र स्कोरिंग: योग्य साना तथा मझौला उद्यमहरूको मूल्याङ्कन निम्नलिखित संरचित (structured) सांख्यीकीकरणा (scoring) मापदण्ड प्रयोग गरेर गरिन्छ:
    - व्यवसायको कार्यसम्पादन र संचालन परिपक्वता
    - बजार अभिमुखीकरण र वृद्धिको सम्भावना
    - नेतृत्वको विवरण (महिला / युवा स्वामित्व र उनीहरूको निर्णय लिने भूमिका)
    - जलवायु उत्थानशिलता र हरित अभ्यासहरूको लागि सान्दर्भिकता
- सत्यता (validation) र तथ्यांक प्रमाणिकरण: निम्न कुराके माध्यमबाट छोटो सूचीमा रहेका एसएमईहरूको प्राप्त तथ्यांकको विश्वसनीयता निश्चित गरी प्रमाणिकरण गरिनेछ:
    - प्रत्यक्ष सम्पर्क
    - ई-आवेदन मार्फत पेश गरिएको व्यवसायको मुख्य सूचनाहरूको विभिन्न तरिकाले जाँच (cross-check)
- समूहीकरण: प्रमाणित र सर्टलिस्ट गरिएका एसएमईहरूको निम्न तरिकाले समूहीकरणा गरिनेछ जसले गर्दा पछि गएर कोचिंग गर्न सजिलो होस्:
    - भूगोल तथा परियोजनालाई यसका क्रियाकलाप कार्यान्वयन (intervention logistics) गर्न सजिलो हुने आधारमा
    - लक्षित समूह र क्षेत्रहरूमा सन्तुलन ल्याउने आधारमा
- अन्तिम चयन: अन्तिम चयन निम्न आधारमा निश्चित गरिनेछ:
    - स्कोरिंग परिणामहरू
    - प्रमाणीकरण परिणामहरू
    - समूह संरचना आवश्यकताहरू

माथिको जानकारीको सारांश निम्न प्रवाह चार्ट (flow chart) मा समावेश गरिएको छः

| चरण 1: **आवेदनको लागि आह्वान** | चरण 2 **योग्यता स्क्रिनिङ (तह 1 फिल्टर)** | चरण 3 **प्राविधिक मूल्याङ्कन र स्कोरिंग (तह 2 फिल्टर)** | चरण 4 **सत्यता (validation) र तथ्यांक प्रमाणिकरण (तह 3 फिल्टर)** | चरण 5: **समूहीकरण र अन्तिम चयन** |
|---|---|---|---|---|
| आवेदनहरूको लागि आह्वान : साझेदारहरू मार्फत<br><br>ई-फारम (कोबो-आधारित) को उपयोग गरेर<br><br>परियोजना संचार सामग्री (तथ्य पाना: ब्रोशर )।<br><br>जिआइजेड नेपालको सामाजिक सञ्जाल पेज, साझेदार संस्थाका वेबसाइटमा सूचना प्रविस्ट ।<br><br>(यसले साझेदार कार्यसंजालहरू भन्दा बाहिर व्यापक पहुँच सुनिश्चित गर्दछ। | सबै आवेदनहरू एक मानकीकृत चेकलिस्ट प्रयोग गरेर न्यूनतम योग्यता मापदण्डको आधारमा जाँच गरिन्छ।<br><br>कार्यान्वयन साझेदारहरू र GFA द्वारा संयुक्त रूपमा जाँच गरिन्छ ।<br><br>(गैर-योग्य आवेदनहरू हटाइनेछ र सो को दस्तावेज (document) गरिनेछ | योग्य एसएमईहरू संरचित स्कोरिंग मापदण्डहरू प्रयोग गरेर मूल्याङ्कन गरिन्छ, जसमा निम्न कुराहरू समावेश हुनेछन्:<br><br>व्यवसायको कार्यसम्पादन र संचालन परिपक्वता<br><br>बजार अभिमुखीकरण र वृद्धिको सम्भावना<br><br>नेतृत्वको विवरण (महिला / युवा स्वामित्व र उनीहरूको निर्णय लिने भूमिका)<br><br>जलवायु उत्थानशिलता र हरित अभ्यासहरूको लागि सान्दर्भिकता<br><br>(एसएमईहरूको क्रमबद्ध छोटसूचीमा स्कोरिंग परिणामहरू। | छोटो सूचीमा रहेका एसएमईहरूका तथ्यांक विश्वसनीयता सुनिश्चित गर्न प्रमाणिकरण पार गर्नेछन्:<br><br>GFA टोलीद्वारा प्रत्यक्ष सम्पर्क<br><br>ई-फारम मार्फत पेश गरिएको मुख्य व्यवसाय जानकारीको क्रस-चेक<br><br>(असंगत वा अप्रमाणित आवेदनहरूको पहिचान गरी हटाइनेछ। | सर्टलिस्ट गरिएका एसएमईहरू:<br><br>भूगोल तथा परियोजनालाई यसका क्रियाकलाप कार्यान्वयन गर्न सजिलो हुने आधारमा समूहीकरण गरिने<br><br>लक्षित समूह र क्षेत्रहरूमा सन्तुलन ल्याउने आधारमा समूहीकरण गरिने<br><br>अन्तिम चयन निम्न आधारमा निश्चित गरिनेछ:<br><br>स्कोरिंग परिणामहरू, प्रमाणीकरण परिणामहरू, समूह संरचना आवश्यकताहरू<br><br>(सबै अन्तिम निर्णयहरू दस्तावेज गरिनेछ) |

## के त्यहाँ कुनै छनौट प्राथमिकता छ ?

निम्न एसएमईहरूले छनौटमा प्राथमिकता पाउँछन्:

- महिलाको नेतृत्वमा रहेको उद्यम
- युवाहरूको नेतृत्वमा रहेका उद्यमहरू
- वृध्दिको संभावना भएका तथा लैङ्गिक रूपान्तरण र जलवायु-उत्थानशिल अभ्यासहरूको लागि सान्दर्भिकता भएका उद्यमहरू

---

## कुन साना तथा मझौला उद्यमले आवेदन दिन सक्दैनन् ?

माथि **उल्लेख** भएअनुसार निम्न एसएमईहरूले आवेदन दिन सक्दैन :

- संचालनामा नरहेका वा निष्क्रिय व्यवसायहरू
- सक्रिय बजार-उन्मुख व्यवसाय सञ्चालन नभएका उद्यमहरू

---

## के मैले कुनै नगद लाभ वा प्राविधिक सामग्री प्राप्त गर्नेछु?

यस कार्यक्रममा सहभागी हुँदा कुनै नगद लाभ वा प्राविधिक सामग्री प्राप्त हुदैन। यद्यपि, माथि भने बमोजिम छनोट भएका सहभागीहरूको प्रशिक्षण, कोचिंग, तथा प्रशिक्षणको दौरानमा सहभागीहरूको भोजन, यातायात र आवास खर्च (यदी आवास आवश्यक भएमा) कार्यक्रमले व्योहोर्नेछ।

GRAPE 2 परियोजना युरोपेली युनियन (EU) र जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (BMZ) को संयुक्त वित्तिय सहयोगमा तथा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मार्गनिर्देशनमा कार्यान्वयन भइरहेको छ ।

**प्रकाशकः**
Green Resilient Agricultural-Centred Private Sector Economic Development (GRAPE 2) परियोजना
राष्ट्रिय प्रकृति संरक्षण कोष परिसर, खुमलटार, ललितपुर
पो. ब. नं १४५७, काठमाडौं, नेपाल
ईमेलः grape@giz.de
फोन नः +९७७ १ ५२५३२८९ / ५२५३६१७
https://www.giz.de/en/worldwide/201387.html

**As at:**
Kathmandu, 2026

यो प्रकाशन EU र BMZ को आर्थिक सहयोगमा तयार पारिएको हो। यसमा भएका सामग्रीहरू GFA को एकल जिम्मेवारी हुन् र यसले EU, BMZ, वा GIZ को विचारलाई प्रतिबिम्बित गर्दैन।